नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
# वैदेशिक रोजगार विभाग

ताहाचल, काठमाडौं
नेपाल।

प.सं. ०८०/०८१
चलानी नम्बरः-

## प्रेस विज्ञप्ति

आज मिति २०८१/०३/२४ गते बिहान ९:४५ बजेदेखि करिब १२:१५ बजेसम्म श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्री माननीय डोलप्रसाद अर्यालज्यूबाट वैदेशिक रोजगार विभाग ताहाचलले गरेका कार्यहरुको बारेमा जानकारी लिने तथा निर्देशन दिने कार्य गर्नुभयो । चालु आ.व २०८०/०८१ मा हालसम्म विभागमा कुल ७६४३ उजुरी दर्ता भएकोमा ३७६६ फछ्र्यौट भई रु.३१,७३,८०,८६०/- क्षतिपुर्ति प्रदान गरिएको जानकारी गराइएको । साथै निरीक्षणको क्रममा माननीय मन्त्रीज्यूबाट सेवाग्राहीलाई सन्तुष्टि प्रदान हुने गरी कार्य सम्पादन गर्न, मेलमिलाप केन्द्रलाई व्यवस्थित गर्न, नवीकरण प्रक्रियामा रहेका मेनपावर व्यावसायीहरुलाई उजुरी फरफारक गरी मात्र नवीकरण गर्न निर्देशन प्रदान गर्नुभएको तथा विभागको तर्फबाट समेत निर्देशन वमोजिम कार्य गर्ने प्रतिबद्धता व्यक्त भएको व्यहोरा जानकारी गराइन्छ साथै यस विभागमा नवीकरण, दर्ता, दाखिला, खारेज, लगायतका कार्यहरुमा परिचयपत्र वाहक कर्मचारी, संचालक तथा कानूनी सल्लाहकारको रुपमा नियुक्त कानून व्यवसायी बाहेक अन्य व्यक्तिलाई विभाग भित्र प्रवेश निषेध गर्न निर्देशन भएकोले सोही बमोजिम विभाग भित्र प्रवेशको व्यवस्था मिलाइने समेत जानकारी गराईन्छ ।

महानिर्देशक

महानिर्देशक

टेलिफोन नं: ०१-४७९२६१६, ४७९२६७१, ४७९२६४८, ४७९२७११०, ४७९२६५८ फ्याक्स नं: ०१-४७९२६०६
Email.: info@dofe.gov.np, website: www.dofe.gov.np